नेपाल समाचारपत्र
राष्ट्रिय दैनिक

# लोकसेवा परीक्षाको तयारी सामग्री



ताराप्रसाद ओली
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत)
महान्यायाधिवक्ताको कार्यालय

## वस्तुगत

**१. संयुक्त राष्ट्रसंघद्वारा कुन वर्षलाई महिला कृषकको अन्तर्राष्ट्रिय वर्षका रूपमा मनाउने घोषणा गरेको छ ?**
- सन् २०२६

**२. वित्तीय जानकारी इकाइको स्थापना कहिले भएको हो ?**
- २०६५ वैशाख ९ गते

**३. नेपाल सरकारले कुन नोटमा नयाँ नक्सा समावेश गर्ने निर्णय गरेको छ ?**
- रु. १००

**४. सगरमाथा दिवस कहिले मनाइन्छ ?**
- मे २९

**५. गोपनीयताको हकलाई नेपालको कुन संविधानले पहिलोपटक मौलिक हकका रूपमा व्यवस्था गरेको हो ?**
- नेपाल अधिराज्यको संविधान-२०४७

**६. विश्वको पहिलो एआई मन्त्री को हुन् ?**
- ओमार सुल्तान अल ओलामा

**७. गाउँ तथा नगरसभा र कार्यपालिकाको सचिवको कार्य कसले गर्दछ ?**
- प्रमुख प्रशासकीय अधिकृत

**८. नेपालको कुन संविधानले पहिलोपटक सम्मानार्थ नागरिकताको व्यवस्था गरेको हो ?**
- नेपालको संविधान-२०१९

**९. नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता कसमा निहित रहेको छ ?**
- -नेपाली जनता

**१०. नेपालको सरकारी कामकाजको भाषा कुन हो ?**
- देवनागरी लिपिमा लेखिने नेपाली भाषा

**११. जन्म हुँदाका बखत बाबु वा आमा नेपालको नागरिक भएको व्यक्तिले कुन प्रकारको नागरिकता प्राप्त गर्दछ ?**
- वंशज

**१२. नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले प्राप्त गर्ने नागरिकता कुन हो ?**
- अंगिकृत नागरिकता

**१३. गैरआवासीय नेपाली नागरिकले प्राप्त गर्न पाउने अधिकार के-के हुन् ?**
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

**१४. मृत्युदण्डको सजाय दिने गरी कानुन नबनाइने व्यवस्था कुन मौलिक हक अन्तर्गत पर्दछ ?**
- सम्मानपूर्वक बाँच्न पाउने हक

**१५. संकटकालमा निलम्बन गर्न नसकिने स्वतन्त्रताको हक अन्तर्गतका हक कुन-कुन हुन् ?**
राजनीतिक दल खोल्ने स्वतन्त्रता तथा संघ-संस्था खोल्ने स्वतन्त्रता

**१६. पैतृक सम्पत्तिमा लैंगिक भेदभावबिना सबै सन्तानको समान हक हुने व्यवस्था कुन मौलिक हकअन्तर्गत रहेको छ ?**
- समानताको हक

**१७. न्यायसम्बन्धी हकमा कसका लागि निःशुल्क कानुनी सहायताको हकको व्यवस्था गरिएको छ ?**
- असमर्थ पक्ष

**१८. कुन प्रयोजनका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्न, प्राप्त गर्न वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्न सक्दछ ?**
- सार्वजनिक हित

**१९. संवैधानिक उपचारको हकको प्रचलन गराउन आकर्षित हुने धारा कुन-कुन हुन् ?**
- धारा १३३ र १४४

**२०. कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन नपाइने व्यवस्था कुन मौलिक हकअन्तर्गत गरिएको छ ?**
- शोषण विरुद्धको हक

**२१. नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा उच्च शिक्षा सम्बन्धी के व्यवस्था गरिएको छ ?**
- उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने

**२२. विपद् व्यवस्थापन सम्बन्धी विषय राज्यको कुन नीतिमा समावेश गरिएको छ ?**
- प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति

**२३. महिलाको हकअन्तर्गत कुन सिद्धान्तको आधारमा महिलालाई राज्यका सबै निकायमा सहभागी हुने हक प्रदान गरिएको छ ?**
- समानुपातिक समावेशी सिद्धान्त

**२४. राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको केका रूपमा रहन्छन् ?**
- मार्गनिर्देशन

**२५. अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिमा केका आधारमा सन्धि सम्झौता गर्ने व्यवस्था गरिएको छ ?**
- समानता र पारस्परिक हित

**२६. वैदेशिक सहायता लिने आधार कुन हो ?**
- राष्ट्रिय आवश्यकता र प्राथमिकता

**२७. बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई कुन माध्यमबाट निःशुल्क शिक्षा पाउने हक रहेको छ ?**
- सांकेतिक भाषा

**२८. राज्यको नीतिमा शिक्षामा निजी क्षेत्रका विषयमा के व्यवस्था गरिएको छ ?**
- शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

**२९. बहुभाषिक नीति अवलम्बन गर्ने विषय कुन नीति अन्तर्गत रहेको छ ?**
- सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति

**३०. कुन तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ ?**
- आधारभूत

**३१. नेपालमा कुन संविधानले वातावरणको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको हो ?**
- नेपालको अन्तरिम संविधान-२०६३

**३२. राज्यले कुन प्रयोजनका लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन सक्दछ ?**
- सार्वजनिक प्रयोजन

**३३. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित ..... को हक हुनेछ।**
- नामकरण र जन्मदर्ता

**३४. महिलालाई ..... मा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।**
- शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा

## विषयगत प्रश्नोत्तर

**१. डिजिटल करेन्सी र क्रिप्टो करेन्सीबीच के भिन्नता रहेको छ ? डिजिटल करेन्सीका फाइदाहरूको चर्चा गर्दै डिजिटल करेन्सी लागू गर्दा ध्यान दिनुपर्ने कुराहरू र यसका चुनौतीबारे प्रकाश पार्नुहोस्।**

पृष्ठभूमि
- भौतिक मुद्राको विकल्पमा प्रयोग हुने केन्द्रीय बैंकद्वारा विद्युतीय रूपमा जारी हुने बैंक नोटलाई डिजिटल करेन्सी भनिन्छ।
- क्रिप्टोकरेन्सी भनेको भर्चुअल मुद्रा हो। जसको अस्तित्व अनलाइनमा सीमित छ, जसलाई भौतिक रूपमा देख्न वा छुन नसके पनि यसको मूल्य तोकिएको हुन्छ र संसारभरिका कम्प्युटरमा राखिएको डिजिटल रेकर्डका आधारमा यो सञ्चालन हुन्छ।
- नेपाल राष्ट्र बैंकले सन् २०२६ भित्र नेपालमा डिजिटल करेन्सी कार्यान्वयनमा ल्याउने तयारी गरिरहेको छ।
- कोइनडेस्क नामक बेवसाइटका अनुसार सन् २०२२ को ग्लोबल क्रिप्टो एडप्सन इन्डेक्सको आधारमा नेपाल क्रिप्टोकरेन्सीको कारोबारमा विश्वभरि १६औं स्थानमा देखिएको छ।

डिजिटल करेन्सी र क्रिप्टो करेन्सी बीच भिन्नता
- मुलुकको केन्द्रीय बैंकबाट निष्काशन हुने विद्युतीय स्वरूपको मुद्रा डिजिटल करेन्सी हो भने निजी क्षेत्रबाट निष्काशन हुने विद्युतीय स्वरूपको मुद्रा क्रिप्टो करेन्सी हो।
- डिजिटल करेन्सीको मूल्य स्थिर रहन्छ भने क्रिप्टो करेन्सी मुद्राको माग र पूर्तिको आधारमा मूल्य घटबढ भइरहन्छ।
- डिजिटल करेन्सी केन्द्रीय बैंकद्वारा नियन्त्रित हुन्छ भने क्रिप्टो करेन्सी कुनै-कुनै देशमा बाहेक अधिकांश देशमा स्वतन्त्र छ।
- डिजिटल मान्यता कानुनी मान्यता प्राप्त छ भने यो मुद्रा नेपाल लगायत धेरै मुलुकमा गैरकानुनी मानिन्छ।
- डिजिटल करेन्सी भौतिक मुद्रासरह कानुनी हैसियत हुने भएकाले सुरक्षित हुन्छ भने मूल्य अस्थिरताको कारणले क्रिप्टो करेन्सी जोखिमपूर्ण हुन्छ।
- डिजिटल करेन्सीमा केन्द्रीय बैंकको दायित्व हुन्छ भने क्रिप्टो करेन्सीमा हुँदैन।
- डिजिटल करेन्सीको कारोबार केन्द्रिकृत हुन्छ भने क्रिप्टो करेन्सीको कारोबार विकेन्द्रित हुन्छ।

डिजिटल करेन्सीका फाइदाहरु
- कागजी मुद्रा छपाइ भुक्तानी तथा भुत्रा नोट व्यवस्थापन खर्चमा कटौती हुने
- कारोबारमा पारदर्शिता
- वित्तीय समावेशीकरण र पहुँच वृद्धि
- भुक्तानी प्रणाली आधुनिक र विश्वासनीय हुने
- अनौपचारिक अर्थतन्त्रमा न्यूनीकरण हुने
- कर प्रणालीमा सुधार हुने
- गैरकानुनी आर्थिक कारोबारमा कमी आउने
- अन्तर्राष्ट्रिय भुक्तानीलाई सरल छिटो छरितो प्रभावकारी बनाउन सकिने
- मौद्रिक नीतिको प्रसारणमा सहयोग पुग्ने
- मन्दी विपद् तथा अप्ठ्यारो परिस्थितिमा उपयोगी
- आधुनिक बैंकिङ प्रणालीको विकास

डिजिटल करेन्सी लागू गर्दा ध्यान दिनुपर्ने कुराहरु
- आवश्यक नीतिगत तथा कानुनी व्यवस्था
- वित्तीय समावेशीकरण तथा साक्षरता अभिवृद्धि
- २४सै घण्टा उपलब्ध हुनका लागि आवश्यक पूर्वाधारको तयारी
- जनशक्तिको व्यवस्थापन
- केन्द्रीय बैंकको क्षमता वृद्धि
- सरोकारवाला निकायहरुसँगको सम्बन्ध
- उच्च सुरक्षा र गोपनीयता
- साइवरसम्बद्ध चुनौतीको सामना
- डिजिटल पेमेन्टको प्रयोगलाई बढाउन प्रोत्साहन

डिजिटल करेन्सीका चुनौतीहरु
- नक्कली डिजिटल करेन्सीको सम्भावना
- डाटा प्राइभेसी
- न्यून वित्तीय साक्षरता
- वित्तीय समावेशीकरण
- सर्वसाधारणको विश्वास
- प्रयोगमा ल्याउन कठिनाइ
- वित्तीय ग्राहक संरक्षण संग सम्बन्धित मुद्दाहरु
- पर्याप्त प्रविधि
- प्राविधिक ज्ञानको कमी
- बैंक तथा वित्तीय संस्थाहरुको भूमिका

निष्कर्ष
विश्वभरका अधिकांश केन्द्रीय बैंकले सिबिडिसीमा सक्रिय रूपमा अध्ययन, अनुसन्धान तथा पाइलटहरू सञ्चालन गरिरहेका सन्दर्भमा नेपालले पनि आवश्यक ऐन संशोधन गर्दै पर्याप्त प्रविधि, पूर्वाधार र दक्ष जनशक्ति उपलब्ध गराउँदै डिजिटल करेन्सीलाई सुरक्षित, सक्षम र भरपर्दो बनाउँदै यसलाई पर्याप्त गृहकार्य गरेर यसको कार्यान्वयन गर्नु पर्छ।

**२. वैदेशिक सहायतालाई प्रभावकारी बनाउन भएका राष्ट्रिय अन्तर्राष्ट्रिय प्रयास बारे चर्चा गर्दै नेपालको वैदेशिक सहायता परिचालनलाई नतिजामुखी बनाउन आवश्यक सुझावहरू प्रस्तुत गर्नुहोस्।**

पृष्ठभूमि
- विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि द्विपक्षीय राष्ट्र, बहुपक्षीय तथा क्षेत्रीय संस्था र अन्य विश्वव्यापी कोषबाट प्राप्त हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहायता नै वैदेशिक सहायता हो।
- वैदेशिक सहायतालाई अनुदान, ऋण, प्राविधिक सहायता, द्विपक्षीय र बहुपक्षीय सहभागीता एवै स-सर्त र नि:सर्त सहायता लगायतका विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ।
- वैदेशिक सहायता परिचालन गर्दा बजेट सहायता, क्षेत्रगत सहायता, कार्यक्रममा आधारित सहायता, परियोजनामा आधारित सहायता र मानवीय सहायता लगायतका ढाँचा अवलम्बन गर्ने गरिएको छ।

अन्तर्राष्ट्रिय प्रयासहरु
- मेक्सिको सिटीमा सन् २००२ मा भएको फाइनान्सिङ फर डेभलपमेन्ट सम्मेलनमा सहायता प्रभावकारिताका लागि लिने र दिने पक्षबीच समन्वय, सामञ्जस्यता, सामूहिकता र साझेदारी जस्ता कमभन्दा कम खर्चमा विकासको प्रतिफल प्राप्त गर्न सघाउने व्यवहार अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त भएको
- टोलीको रोममा सन् २००३ मा सहायता प्रभावकारिताको पहिलो उच्चस्तरीय सम्मेलन भई सहायता प्रभावकारिताका लागि ओनरसिप अलाइग्मेन्ट एन्ड हार्मोनिजेसनलाई अघि सार्ने उल्लेख भएको
- फ्रान्सको राजधानी पेरिसमा भएको सम्मेलनले सहायता प्रभावकारिताका लागि स्वामित्व, आबद्धता, सामञ्जस्यता, नतिजाका लागि व्यवस्थापन र पारस्परिक उत्तरदायित्व गरी पाँच वटा सिद्धान्त उल्लेख गरी पेरिस घोषणापत्र जारी गरेको
- पेरिस घोषणापत्रलाई सुदृढ बनाउन र कार्यान्वयनमा लैजान घानाको राजधानी आक्रामा सन् २००८ मा तेस्रो उच्चस्तरीय वैदेशिक सहायता प्रभावकारिता सम्मेलन भएको
- दक्षिण कोरियाको बुसानमा भएको चौथो वैदेशिक सहायता प्रभावकारिता उच्चस्तरीय सम्मेलनमा विकासोन्मुख राष्ट्रहरूद्वारा विकास प्राथमिकताको स्वामित्व, नतिजामा ध्यान, समावेशी विकास साझेदारी र आपसी पारदर्शिता तथा जवाफदेहिता जस्ता सिद्धान्तहरु अगाडि सारिएको
- मेक्सिकोमा सन् २०१४ मा भएको फस्ट हाई लेभल मिटिङ अफ द पार्टनसिप फर इफेक्टिभ डेभलपमेन्ट कपरेसन बैठकले बुसान प्रतिबद्धताको कार्यान्वयनको प्रतिफलको वारेमा छलफल गरी इनक्लुसिभ एन्ड सुसनेवल डेभलपमेन्टमा जोड दिएको
- न्युयोर्कमा भएको पाँचौं वैदेशिक सहायता प्रभावकारिता उच्चस्तरीय सम्मेलनमा विकास सहायताद्वारा २०३० एजेन्डाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, विकास सहयोगमा निजी क्षेत्रलाई सहभागी गराउने लगायतका सहमति भएको
- नैरोबीमा सन् २०१६ मा भएको सेकेन्ड हाई लेभल मिटिङमा दिगो विकास लक्ष्यको कार्यान्वयनमा जोड दिँदै चार सिद्धान्तहरू सहयोग प्राप्त गर्ने साझेदार राष्ट्रहरूको विकास प्राथमिकताको स्वामित्वमा जोड, नतिजामा ध्यान, समावेशी विकास साझेदारी र आपसी पारदर्शिता तथा जवाफदेहितामा जोड दिइएको

राष्ट्रिय प्रयासहरु
(क) **संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था**
- नेपालको संविधान-२०७२ को धारा ५१ मा राज्यका नीतिअन्तर्गत अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने उल्लेख भएको
- संविधानको धारा ५९(६) ले देशको आर्थिक विकासका लागि वैदेशिक सहायता लिने र परिचालन गर्ने पूर्ण अधिकार संघीय सरकारलाई दिएको
- अनुसूची-५ ले संघीय सरकारलाई सबै प्रकारका वैदेशिक सहायता परिचालन गर्ने अधिकार दिएको छ भने अनुसूची-६ ले प्रदेश सरकारलाई संघीय सरकारको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन गर्नसक्ने अधिकार दिएको
- ऋण तथा जमानत ऐनले वैदेशिक ऋण लिन पाउने सीमा तोकिदिएको
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति-२०७६
- प्रदेश तथा स्थानीय तहमा वैदेशिक सहायता परिचालनसम्बन्धी मापदण्ड-२०७६
- पेरिस घोषणा-२००५, आका कार्ययोजना-२००८, बुसान सम्मेलन-२०११, मेक्सिको बैठक-२०१४, न्यूयोर्क बैठक-२०१६ र नैरवी बैठक-२०१६ द्वारा स्थापित सिद्धान्तअनुरूप साझेदारी गर्ने कुरामा सहमति व्यक्त गरेको
- विदेशी लगानी नीति
- वैदेशिक सहायताको समन्वय तथा परिचालनसम्बन्धी उच्चस्तरीय समितिको कार्यविधि-२०६७
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सहयोग परिचालन निर्देशिका-२०७२

(ख) **संस्थागत व्यवस्था**
- अर्थमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयन समितिको व्यवस्था भएको
- अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय विकास सहायता समन्वयको सम्पर्क बिन्दुका रूपमा रहेको, अर्थ मन्त्रालयमा अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको व्यवस्था भएको, क्षेत्रगत मन्त्रालयमा वैदेशिक सहायता हेर्ने महाशाखा/शाखाको व्यवस्था भएको
- अर्थ मन्त्रालयमा सहायता व्यवस्थापन सूचना प्रणालीको व्यवस्था भएको, यसबाट विकास सहायता कहाँ, कसरी परिचालन भएको छ भन्ने अवगत हुन्छ।
- स्थानीय विकास साझेदार बैठक
- संयुक्त क्षेत्रगत समीक्षा

आवश्यक सुझावहरु
- सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गर्नुपर्ने
- अनावश्यक शर्तहरु स्वीकार नगरी राष्ट्रिय प्राथमिकता, माग, आवश्यकता तथा हितको आधारमा विदेशी सहायताको परिचालन गर्नुपर्ने
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वयतात्मक रूपमा सहायता परिचालन गर्नुपर्ने
- प्राविधिक सहायतालाई प्रविधि हस्तान्तरणसँग सम्बन्धित तथा पुँजी निर्माणमा उपयोग गर्ने कार्यमा परिचालन गर्नुपर्ने
- वैदेशिक सहायता सम्झौता गर्नु अगाडि पूर्वतयारी गर्नुपर्ने
- विकास सहायता संलग्न रहेका आयोजनाको पूर्वतयारी परिसूचक तयार गरी लागू गर्नुपर्ने
- सहायताको प्रतिबद्धता र उपयोगबीचको अन्तर घटाउनुपर्ने
- वैदेशिक सहायतामा सञ्चालित आयोजनाबाट समयमा सोधभर्ना प्राप्त गर्नुपर्ने
- सहयोग रकम खर्च गर्ने क्षमता बढाउन प्रक्रियागत सरलता र संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने
- सबै तहको सहायता व्यवस्थापनमा अपनत्व, आबद्धता, जवाफदेहिता, उत्तरदायित्व र पारदर्शिता जस्ता असल अभ्यास सुनिश्चित गर्नुपर्ने
- उत्पादन वृद्धि गर्ने, पुँजी निर्माण र दीगोपनालाई आधार बनाई आवधिक योजनाले निर्दिष्ट गरेका प्राथमिकताका क्षेत्रमा सहायता केन्द्रित गर्नुपर्ने
- सहायता सूचना व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनुपर्ने
- सहायता परिचालन गर्ने निकायहरूबीच समन्वय कायम गर्नुपर्ने
- गैरसरकारी संस्थामार्फत आउने सहायताको प्रभावकारिताका लागि समाज कल्याण परिषद्लाई जिम्मेवार बनाउनुपर्ने
- आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने
- सक्षम र अनुभवी नेतृत्वको छनोट गरी कार्यसम्पादन सम्झौता गरी परियोजना सञ्चालन गर्नुपर्ने
- पेरिस घोषणा, आक्रा कार्ययोजना, बुसान सम्मेलन, मेक्सिको बैठक, न्युयोर्क बैठक र नैरोबी बैठकका प्रतिबद्धतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

निष्कर्ष
वैदेशिक सहायताको उचित व्यवस्थापन र परिचालन गरेर बढीभन्दा बढी लाभ हासिल गर्न सहलगानी, सम्मिश्रित वित्त, दक्षिण दक्षिण एवं त्रिपक्षीय सहायता, विकासका लागि निजी क्षेत्रसँग साझेदारी जस्ता नयाँ उपकरणको प्रयोगमा जोड दिनुपर्ने देखिन्छ।

**३. स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा उल्लेख गरिएका तीन तहका सरकारको अन्तरसम्बन्ध कायम हुने विषयहरूको चर्चा गर्नुहोस्।**

पृष्ठभूमि
- ऐनले स्थानीय सरकार संचालनको व्यवस्थापकीय विषयहरू, कार्यक्षेत्रका सम्बन्धित विषयहरू, तीन तहका सरकारको समन्वय, सहकार्यमा सम्पादन हुने विषयहरू उल्लेख गरेको छ।
- जिल्लास्तरको राजनीतिक संरचना मूलतः स्थानीय तहहरूबीच समन्वय गराउने, शासकीय जिम्मेवारीमा प्रभावकारिता ल्याउने र संघ तथा प्रदेश सरकारलाई सूचना र प्रतिवेदन पठाउने कामका लागि जिम्मेवार देखिन्छ।

अन्तरसम्बन्धका विषयहरु
- गाउँ वा नगरपालिकाको नाम, केन्द्र, संख्या र सीमाना हेरफेर
- वडाको संख्या वा सीमाना हेरफेर
- कुनै वडालाई सीमाना जोडिएको अर्को गाउँ वा नगरपालिकामा समावेश गर्न
- दुई वा सोभन्दा बढी स्थानीय तह एक आपसमा गाभिन चाहेमा
- नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका घोषणा
- प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिका वा सोको कुनै क्षेत्रलाई चार किल्ला खोली सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न
- संघीय तथा प्रदेश कानुनको अधीनमा रही राजस्व, राजस्व चुहावट नियन्त्रणतथा करसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन गर्न,
- शहरी विकास, बस्ती विकास र भवनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन
- संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
- स्थानीयस्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
- व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन
- स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन गर्न
- विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न
- स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्न
- विशेष अनुदानका कार्यक्रम कार्यान्वयन
- संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन
- गाउँ तथा नगरपालिकाले संघीय र प्रदेश स्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्न
- अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाले स्थानीय तहसँग समन्वयमा काम गर्दा
- गाउँपालिका तथा नगरपालिकाले भवनको नक्सा पास गर्दा
- आन्तरिक ऋण
- आर्थिक वर्षको आय र व्ययको हिसाब राख्न
- गाउँपालिका तथा नगरपालिकाको सार्वजनिक खरिद
- गाउँपालिका तथा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी पठाउँदा
- गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय प्रमुखको व्यवस्थापन
- स्थानीय तहमा कर्मचारी व्यवस्थापन
- स्थानीय सेवाका कर्मचारीको तलब स्केल निर्धारण

निष्कर्ष
संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने, परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गरिने, संघीय इकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न आपसी समन्वयका आधारमा शासन सञ्चालन गर्नुपर्दछ।